# हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकार, (माननिय मुख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर) मिति २०७५/८/१७ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. १, बिराटनगर

सचिव

# हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

## (प्रदेश सरकार, (माननिय मुख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर) मिति २०७५/८/१७ को निर्णयबाट स्वीकृत

**प्रस्तावना**

नेपालमा प्रथम पञ्चबर्षिय योजना संगै दुग्ध क्षेत्रलाई व्यवस्थित गर्ने प्रयत्न हुँदै आएकोमा हाल दुग्ध विकास संस्थान, निजी क्षेत्रबाट सन्चालित ठूला, मझौला र साना डेरी उद्योगहरु, तथा देश भर छरिएर रहेका करिब १७०० भन्दा बढी दुग्ध उत्पादक सहकारी संस्था एवं तिनको छाता संगठनको रुपमा रहेको केन्द्रीय दुग्ध सहकारी संघ समेत कर्याशिल रहेको छ । यीनै सरकारी, सहकारी र निजी डेरी उद्योगहरुले नेपालको औपचारिक दुग्ध क्षेत्रको प्रतिनिधित्व गर्दछन् । नेपालमा उत्पादन हुने कच्चा दूधको केवल १५ प्रतिशत मात्र औपचारिक क्षेत्र मार्फत बेचबिखन हुन्छ भने बाँकि उत्पादनले अझ पनि बजार सम्मको पहुँच पाउन सकिरहेको छैन । एकातर्फ छरिएर रहेका स–साना असंगठित उत्पादन क्षेत्रका कारण दूध तथा दुग्धजन्य पदार्थको बजारिकरण एवं गुणस्तर सुधारका प्रयत्नले अपेक्षित परिणाम दिन सकिरहेको छैन भने अर्कोतर्फ बजार सम्मको पहुँच बिस्तारका लागि पछिल्लो समय निर्माण भएका उत्तर दक्षिण लोकमार्ग, मध्य पाहाडी लोकमार्ग र हुलाकी मार्गहरु आर्थिक मार्गको रुपमा विकसित गर्ने राष्ट्रिय अभिष्ट समेत ओझेलमा परेको छ । यही परिप्रेक्षमा हुलाकी मार्गलाई पशुपन्छी विकासको सम्बाहकको रुपमा सदुपयोग गर्दै सो मार्ग आसपासका क्षेत्रहरुमा दूध तथा दुग्धजन्य व्यवसाय विकास एवं बजारिकरणका गतिविधि मार्फत आय आर्जन, स्वरोजगार प्रवर्द्धन र मूल्य श्रृखला सबलिकरण गर्ने ध्येयका साथ प्रदेश सरकारले दुग्ध उत्पादन तथा बजारिकरण प्रवर्द्धन कार्यक्रम अघि सारेको छ । सो कार्यक्रम व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सन्चालन होस भन्ने अभिप्रायले "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५" को दफा ३(१) को अधिकार प्रयोग गरि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट "मासु बजार व्यवस्थापन कार्यक्रम सन्चालन कार्यविधि, २०७५" तर्जुमा गरी लागू गरिएको छ ।

**(१) संक्षिप्त नाम र प्रारम्भ**

१क० यो कार्यविधिको नाम "हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ ।

१ख० यो कार्यविधि प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्नेछ ।

(ख) "निर्देशनालय" भन्नाले भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्नेछ ।

(ग) "कार्यालय" भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्तभूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय; पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुलाई समेतलाई जनाउँछ ।

(घ) "प्रस्ताव" भन्नाले सम्बन्धित कार्यालयले कार्यक्रम कार्यान्वयन गर्ने सिलशिलामा जारी गरेको सार्वजनिक सूचना मुताविक प्रस्तावकले निर्धारित ढाँचामा तयार गरि पेश गरेको अवधारणा पत्र र अन्य आवस्यक कागजातहरुलाई समेत जनाउँदछ ।

(ङ) "सहकारी" भन्नाले सहकारी ऐन, २०७४ वा प्रदेश सहकारी ऐन वा स्थानिय सहकारी ऐन अनुसार विधिवत रुपले गठित र संचालित संस्था भन्ने बुझ्नु पर्दछ ।

(च) "कार्यविधि" भन्नाले "हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रवर्द्धन कार्यक्रम कार्यान्वय कार्यविधि, २०७५" सम्झनु पर्नेछ ।

## ३. उद्देश्यहरु

हुलाकी मार्ग तथा त्यस संग जोडिएका सहायक मार्गहरु आसपासका बस्तिहरुलाई दूध उत्पादन क्षेत्रको रुपमा विकास गर्दै दूध तथा दुग्धजन्य व्यवसायको स्थापना, सन्चालन र बजारिकरण समेत लाई एकिकृत रुपले अगाडी बढाउने मूल ध्येयका साथ सन्चालन हुने कार्यक्रमको उद्देश्य निम्न बमोजिम रहेको छ ।

(क) स्थानीय जातका दुधालु पशुहरुको नश्ल सुधार गरी दूध उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

(ख) दुग्ध मूल्य श्रृंखलामा आधारित व्यापार/व्यवसाय तथा उद्योग प्रवर्द्धन मार्फत रोजगारी अभिबृद्धि गर्ने ।

(ग) गुणस्तरीय दूध तथा दुग्धजन्य उत्पादनको उपलब्धता सुनिश्चत गर्दै उपभोक्ता हित संरक्षणमा टेवा पुर्याउने ।

(घ) दूध तथा दुग्धजन्य पदार्थमा प्रादेशिक अत्मनिर्भरता हासिल गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने प्रादेशिक अभियानमा सहयोग गर्ने ।

## ५. कार्यक्रम सञ्चालन हुने जिल्लाहरु

प्रदेश नं. १ अन्तरगत रहेका ३ जिल्लाहरु (झापा, मोरङ्ग र सुनसरी)

## ६. कार्यक्रमको अबधि

निश्चित क्षेत्र विशेषमा यो कार्यक्रम ५ बर्ष सम्म सन्चालन गरिने छ र कार्यक्रमको प्रभावकारीताका आधारमा मनासिव ठहरे अन्य क्षेत्रमा समेत विस्तार गर्न सकिनेछ । पाँच बर्ष सम्म कार्यक्रम सन्चालन हुँदा पछिल्ला बर्षहरुमा सम्बन्धित सहभागिको आवश्यक्तामा आधारित फलोअप कार्यक्रमहरुमा सहयोग प्रदान गरिनेछ ।

## ७. कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व

(क) कार्यक्रम कार्यान्वयनका सिलशिलामा सूचना प्रकाशन, प्रस्ताव छनौट, सम्झौता, अनुगमन र भुक्तानि सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अखितयार प्राप्त कार्यालयको हुनेछ ।

(ख) सम्झौता मुताविकको कार्य निर्धारित समय सिमा भित्र इमान्दारिता र पारदर्शिता कायम राखि उच्च गुणस्तर सहित सम्पन्न गर्ने दायित्व सम्बन्धित सहभागिको हुनेछ ।

(ख) सहभागिले कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित कार्यालय वा अन्य निकाय र क्षेत्रबाट समेत प्राप्त वा खरिद गर्न सक्नेछ ।

(ग) अनुदानग्राहीले कार्यक्रम संचालनको प्रगति प्रतिवेदन नियमित रुपमा सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

## ८. कार्यक्रम कार्यान्वयनका लागि सहभागि छनौट

(क) कार्यक्रम कार्यान्वयन गरिने क्षेत्रको छनौट

१. हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रबर्द्धन कार्यक्रम सन्चालन गर्नका लागि हुलाकी एवं त्यसका सहायक मार्गले जोडिएका आसपासका क्षेत्रहरु समेटिने गरी आ. ब. २०७५/०७६ को लागि ५ वटा क्षेत्रहरुमा यो कार्यक्रम संचालन हुनेछ ।

२. यी क्षेत्र/स्थानिय तहहरु छनौट गर्दा बिगत देखि संचालनमा रहेका गाईभैंसी पकेट क्षेत्रहरु वा व्यवसायिक रुपले दूध उत्पादन, विविधिकरण र बजारिकरणको सम्भावना बोकेका नयां क्षेत्रहरुमा पशु नश्ल सुधार, घाँसेवाली विकास, उत्पादित दूधको बजार, शहरीकरणको संभावना, पशुवस्तुहरुको हालको संख्या, दुध उत्पादनको परिमाण जस्ता विषयहरुलाई आधार बनाइने छ ।

३. कार्यक्रमको प्रभावकारिताका आधारमा पछिल्ला वर्षहरुमा आवस्यक्ता मुताविक फलोअपका कार्यक्रमहरु सन्चालित हुनेछ भने उपलब्ध श्रोत साधनको आधारमा नयाँ क्षेत्रतहहरुमा समेत कार्यक्रम विस्तार गर्न सकिनेछ ।

(ख) कार्यक्रम कार्यान्वयनका लागि सहभागिको छनौट

१. यस कार्यक्रममा दुग्ध उत्पादन कृयाकलापमा संलग्न रहने सहभागि र गुणस्तरिय दूधको संगठित बजारिकरण कार्यमा संलग्न रहने सहभागि गरि दुई किसिमका सहभागिहरु हुनेछन् ।

२. कार्यक्रम कार्यान्वयनको सम्भावना बोकेका क्षेत्रहरुमा विगत देखि कृयाशिल रहेका दुग्ध उत्पादक सहकारी संघ/संस्थाहरु वा दूध उत्पादनमा संलग्न संगठित कृषक समूह/समितिहरु समेत यस कार्यक्रम अन्तर्गतको दूध उत्पादन प्रवर्द्धन कृयाकलाप सन्चालन गर्ने सम्भावित सहभागि हुन सक्नेछन् ।

३. कृषक समूह/समिति मार्फत कार्यक्रम सन्चालन भएमा सुरु बर्षको अन्त्य सम्म त्यस्ता समूह/समितिहरु दुग्ध उत्पादक सहकारी संस्थामा विधिवत रुपान्तरण भैसक्नु पर्नेछ।

४. गुणस्तरिय दूधको संगठित बजारिकरणका लागि कार्यक्रम लागु भएको क्षेत्रमा उत्पादित दूधको सहज संकलन र बजारिकरण हुन सक्ने किसिमले कार्यक्रम लागु हुने प्रत्येक जिल्लाबाट बढीमा २ वटा संगठित बजारिकरणका सहभागिहरु छनौट गर्न सकिनेछ।

५. गुणस्तरिय दूधको संगठित बजारिकरणका लागि सम्बन्धित निकायमा दर्ता भई विधिवत रुपले दूध संकलन, प्रशोधन, विविधिकरण तथा बजारिकरण कार्यमा संलग्न रहेका तथा जिल्ला, प्रदेश वा राष्ट्रिय बजारमा समेत पहुँच विस्तार गर्न सक्ने सहकारी संघ/संस्था, निजी उद्योग/फर्म/कम्पनि संग साझेदारी गर्न सकिनेछ ।

६. त्यस्ता सहभागिले हुलाकी मार्ग लक्षित दूध उत्पादन प्रवर्द्धन कार्यक्रममा संलग्न कृषक समूह/ समित/ सहकारीहरुले उत्पादन गरेको कच्चा दूध खरिद र बिक्रि वितरण गर्ने लिखित सहमति गर्नु पर्नेछ ।

७. गुणस्तरिय दूधको संगठित बजारिकरणका लागि त्यस्तो सहमति गर्ने सहभागिले हुलाकी मार्ग लक्षित दूध उत्पादन कार्यक्रममा आबद्ध कृषकहरुबाट गत आर्थिक वर्षमा खरिद गरेको दूधको अभिलेखको आधारमा प्रति लिटर रु. २।- (अक्षरुपी दुई रुपैयाँ) का दरले प्रति सहभागि रु. ५००००० (अक्षरुपी पाँच लाख रुपैयाँ) सम्म अनुदान प्राप्त गर्न सक्नेछन् ।

## ९. कार्यक्रम संचालन प्रकृया

(क) सम्बन्धित कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम मुताविक *अनुसूची १* बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नेछ ।



सचिव

(ख) यस्तो प्रस्ताव आव्हानकव सूचना हुलाकी मार्ग लक्षित दूध उत्पादन प्रवर्द्धनका लागि अलग्गै र गुणस्तरिय दूधको संगठित बजारिकरणका लागि दूध उत्पादन प्रवर्द्धन कार्यक्रम सन्चालन भएको केही समय पश्चात मात्र प्रकाशित गरिने छ।

(ग) कार्यक्रममा सहभागी हुन ईच्छुक प्रस्तावकहरुले अनुसूची - २ अनुसारको आवेदन, अनुसूची - ३ अनुसारको संक्षिप्त कार्य योजना र अनुसूची–४ बमोजिम सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस सहित सम्बन्धित कार्यालयमा आवेदन दर्ता गर्नु पर्नेछ ।

(घ) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कार्यवाही हुने छैन ।

(ङ) उपयुक्तताका आधारमा प्राप्त आवेदनहरुको प्रारम्भिक छनौट, फिल्ड भेरिफिकेसन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहने छ ।

| | | |
|---|---|---|
| (१) | पशुपन्छी विकास महाशाखा प्रमुख | संयोजक |
| (२) | बरिष्ठ कृषि विकास अधिकृत योजना महाशाखा | सदस्य |
| (३) | कानून अधिकृत प्रतिनिधि | सदस्य |
| (४) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (५) | बरिष्ठ अधिकृत/अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (६) | पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाको अधिकृत | सदस्य-सचिव |

*नोटः समितिले आवश्यक्ता मुताविक बढिमा २ जना सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।*

(च) रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट गरि फिल्ड भेरिफिकेशनको लागि उपयुक्त प्रस्तावहरुको सूचि पेश गर्ने जिम्मेवारी प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले पशुपन्छी विकास महाशाखाको कुनै कर्मचारीलाई तोक्नेछ ।

(छ) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले प्राविधिक टोली परिचालन गरि फिल्ड भेरिफिकेसन गराउने तथा आवश्यक ठानेमा समिति स्वयंले समेत प्रस्ताव सिफारिस गर्नु पूर्व स्थलगत अनुगमन गर्न सक्नेछ ।

(ज) प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिले अनुसूची–५ बमोजिम प्रारम्भिक पशुपालन सर्वेक्षण प्रतिवेदन र अनुसूची–६ को आधारमा सहकार्यमा दूध उत्पादन प्रवर्द्धन कार्यक्रमका सहभागीको छनौट गर्नेछ । त्यसैगरी अनुसूची-७ बमोजिम गुणस्तरिय

सचिव

दूधको संगठित बजारिकरणमा आवद्ध हुने संस्थाको प्रारम्भिक सर्वेक्षण र अनुसूची-८ को आधारमा सहभागिहरुको छनौट गरी प्राथमिकिकरण सहितको सूची स्वीकृतिका लागि मन्त्रालयका सचिव समक्ष पेश गर्नेछ।

## १०. सम्झौता

(क) दूध उत्पादन प्रवर्द्धन कार्यक्रमका सहभागि संग अनूसुची - ९ बमोजिमको र गुणस्तरिय दूधको संगठित बजारिकरणका सहभागि संग अनूसुची - १० बमोजिमको सम्झौता गरी कार्यक्रम सन्चालन गरीनेछ ।

(ख) द्विपक्षिय सम्झौतालाई साझेदारी कार्यक्रम कार्यान्वयनको मूल आधार मानिनेछ ।

## ११. आर्थिक नर्मस सम्बन्धि विवरण

हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रवर्द्धन कार्यक्रम सन्चालनका लागि सुरुको बर्ष प्रत्येक कार्यक्रम सन्चालन हुने क्षेत्रमा देहाय बमोजिमको आर्थिक नर्मसका आधारमा कार्यक्रम हुनेछ । फलोअप कार्यक्रमहरु भने स्वीकृत बार्षिक कार्यक्रमको आधारमा सहभागिहरुबाट सम्बन्धित कार्यालयमा पेश भई स्वीकृत भएको कार्ययोजना अनुसार हुनेछ ।

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| क | दूध उत्पादन प्रवर्द्धन कार्यक्रम | | | | | |
| १ | कार्यक्रम सम्बन्धि अभिमुखिकरण गोष्ठी | पटक | १ | ५०००० | ५०००० | |
| २ | सहभागि संस्था छनौट, समिति गठन कार्य योजना तयारी, सम्झौता आदी | पटक | १ | ५०००० | ५०००० | |
| ३ | गोठ निर्माण/सुधार, बायोग्यास निर्माण, उन्नत पशु खरिद तथा ढुवानी अनुदान | संख्या | १०० | ७५००० | ७५००००० | |
| ४ | कृत्रिम गर्भाधान कार्यक्रम संचालन तथा उपकरण खरिद | पटक | २ | २८०००० | ५६०००० | |
| ५ | पशु आहारा सेवा (उन्नत घाँसहरुको विउ खरिद तथा वितरण | पटक | ३ | ३००००० | ९००००० | |
| ६ | पशु स्वास्थ्य सेवा (खोप, परजिवी नियन्त्रण तथा भिटामिन/मिनरल वितरण) | पटक | ३ | ३००००० | ९००००० | |
| ७ | क्षमता अभिबृद्धि तथा असल गाईपालन तथा दुग्ध उत्पादन तालिम/ भ्रमण | पटक | ३ | १००००० | ३००००० | |

| क.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | दर रु. | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ८ | दुध संकलन केन्द्र स्थापना, स्यानिटेशन उपकरण तथा अन्य यन्त्र उपकरण र सामग्री खरिदमा सहयोग | पटक | १ | १०००००० | १०००००० | |
| १० | प्राविधिक सहजकर्ता करार (प्रति क्षेत्र १ जाना) | महिना | १२ | २०००० | २४०००० | पशुपालन विषयमा कम्तिमा जे,टि.ए. पास भएको |
| ११ | कार्यक्रम अनुगमन मूल्याङ्कन | पटक | ६ | ५०००० | ३००००० | |
| १२ | आधारभूत तथ्याङ्क संकलन, सम्प्रेषण र प्रतिवेदन तयारी | पटक | ३ | ५०००० | १५०००० | |
| १३ | कार्यक्रमको सार्वजनिक सुनवाई | पटक | १ | ५०००० | ५०००० | |
| **ख** | **गुणस्तरिय दूधको संगठित बजारिकरण कार्यक्रम** | | | | | |
| १ | दुध बजारीकरण तथा प्रशोधनका आधारमा प्रति लिटर रु.२।०० | पटक | १ | ५००००० | ५००००० | २ वटा दूध प्रशोधनका लागी छनोट गरिएका संस्थाहरुलाई प्रशोधनका आधारमा |
| जम्मा | | | | | १२५००००० | |

## १२. अनुदान प्रवाहका शर्तहरु:

(क) सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम गठन र आधिकारिक निकायमा दर्ता भएका कृषक समूह/समिति/सहकारी संघ/संस्था हरु हुलाकि मार्ग लक्षित दूध उत्पादन कार्यक्रमका लागी योग्य भानिनेछन् भने दूधको कारोबारमा संलग्न फर्म/कम्पनी/उद्योग/सहकारी संघ/संस्थाहरु गुणस्तरिय दूधको संगठित बजारिकरण कार्यक्रम सन्चालनका लागि योग्य मानिनेछन् ।

(ख) अनुदान प्राप्त गर्ने सहभागिले कम्तिमा १० वर्ष सम्म व्यवसाय संचालन गर्नु पर्नेछ ।

(ग) सम्बन्धित सहभागिले स्वच्छ उत्पादन विधि (Hygienic Code of Practice) परिपालना गर्न मन्जुर हुनु पर्नेछ ।

सचिव

(घ) अनुदान रकमको दुरुपयोग भएको पाइएमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुल उपर र कारवाही हुनेछ ।

(ङ) नियम अनुसार सरकारी निकायमा दर्ता भएको, कर चुक्ता गरेको र स्थायी लेखा नम्बर प्राप्त गरेको र कुनै कार्वाहीमा नपरेको हुनु पर्नेछ ।

(च) अनुदानको लागि प्रस्ताव पेश गर्ने संस्थाको नियमित लेखा परीक्षण भएको हुनु पर्नेछ।

(छ) कार्यक्रम संचालन पश्चात डेरी पकेट क्षेत्र/क्षेत्रहरुबाट कम्तिमा दैनिक २००० देखि ४००० लि. दुध थप भई संगठित बजारमा आउनु पर्दछ ।

(ज) कार्यक्रममा समेटिएका कम्तिमा २ वटा उन्नत गाई/भैसी पालन गरिरहेको वा पाल्न सक्ने कृषकहरु लाई गोठ व्यवस्थापन, बायोग्यास निर्माण तथा पशु खरिद तथा ढुवानीको लागि रु. ७५ हजार सम्म अनुदान उपलब्ध गराउनु पर्नेछ ।

(झ) सहभागिले हरेक महिना अनुसूची - ११ बमोजिमको ढाँचामा सहभागि संस्थाले मार्फत मन्त्रालयमा प्रगति पठाउनु पर्नेछ ।

(ट) दुध उत्पादन पकेट क्षेत्रका सहभागिले अनुसुची १२(क) देखि १२(घ) सम्मको अभिलेख राख्नु पर्दछ ।

(ठ) अनुदान प्राप्त गर्ने कृषकहरुले पशुहरुको अनिवार्य रुपमा विमा गरेको हुनु पर्नछ ।

### १३. आर्थिक प्रशासन सेवा

कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश एवं संघिय सरकारका प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछ ।

### १४. कार्वाहीको व्यवस्था

सम्झौता बमोजिम अनुदान रकमको सदुपयोग नभएको पाइएमा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्वाही हुनेछ।

### १५. प्रचलित कानून लागु हुने

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा सोहि बमोजिम तथा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१६. बिमा** सम्भाव्यताको आधारमा योजनाको बिमा गराउनु पर्नेछ ।

**१७. बाधा अड्काउ फुकाउने** (खारेजी एबं संशोधन)

(क) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(ख) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(ग) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

सचिव

अनूसुची - १

## हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन प्रवर्द्धन/ गुणस्तरिय दूधको संगठित बजारिकरण कार्यक्रम सम्बन्धि प्रस्ताब आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/.../....

प्रदेश सरकार ............. मन्त्रालय/ निर्देशनालय/ विज्ञ केन्द्रको आ.व. २०७५/.... को स्वीकृत वार्षिक कार्यक्रम मुताविक हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन प्रवर्द्धन/ गुणस्तरिय दूधको संगठित बजारिकरण कार्यक्रम सन्चालनका लागि "सम्बन्धित कार्यक्रम सन्चालन कार्यविधि २०७५" ले तोके बमोजिमका शर्तहरु पालना गरी साझेदारी गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र .............मा प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेतयसै सूचना द्वारा जानकारी गराईन्छ । थप जानकारीका लागि ......................... फोन नं. ...................... मा सम्पर्क राख्न वा ................. वेभसाईट बाट "हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन तथा बजारिकरण प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५" डाउनलोड गर्न सकिने छ ।

### कार्यक्रम विवरण

| क.सं. | कार्यक्रमको नाम | संख्या | अधिकतम साझेदारी रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित सहभागिहरु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

सचिव

अनूसुची– २

## हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन प्रवर्द्धन/ गुणस्तरिय दूधको संगठित बजारिकरण कार्यक्रम सञ्चालनको लागि दिईने आवेदन - पत्र

श्रीमान प्रमुख ज्यू,
मन्त्रालय/ निर्देशनालय/ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
......................

विषयः कार्याक्रम सञ्चालनमा सहभागी हुन पाउँ बारे ।

महोदय,

त्यस कार्यालयको मिति ............................ को ..............................मा प्रकाशित सूचना अनुसार लागत साझेदारीमा ............................................................... कार्यक्रम सन्चालन गर्न इच्छुक भई तपसिल अनुसारका कागजातहरु राखी यो निवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रमका लागि छनौट भएमा सम्झौता तथा मापदण्डमा उल्लेख भए मुताविक कार्यक्रम सन्चालन गर्नेछौं तथा त्यसको बर्खिलाफ गरेको पाइएमा प्रचललित कानून बमोजिम कार्यवाहीको भागेदारी हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध छ ।

तपसिल

१. अनूसूची - ३ अनुसारको संक्षिप्त कार्ययोजना ।
२. सहकारी संस्था सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि ।
३. मूल्य अभिबृद्धी कर **(VAT)** वा स्थायी लेखा नम्बर **(PAN)** दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता/दाखिलाको प्रतिलिपी
५. अनुसूची–४ बमोजिम सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र ।
६. संस्थाको तर्फबाट कार्यक्रम सन्चालन सम्बन्धी भएको निर्णयको प्रतिलिपि

अवेदकको नाम थरः
दस्तखतः
*संस्थाको हकमा*
संस्था प्रमुखको नामः
दस्तखतः
संस्थाको छापः
मितिः

अनूसुची–३

# हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन प्रवर्द्धन/ गुणस्तरिय दूधको संगठित बजारिकरण कार्यक्रमको संक्षिप्त कार्ययोजना

| | |
|---|---|
| प्रस्तावित कार्यक्रमको नाम | |

## १. आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| पत्राचारकोलागि ठेगाना | |
| संस्थाको हकमा स्थापना भएको मिति | |
| दर्ता भएको निकाय र मिति | |
| टेलिफोन नं. | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको टेलिफोन नं. | |
| इमेल | |
| प्रस्तावित कार्यक्रम कार्यान्वयन हुने स्थान | |

## २. अनुदानग्राही संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| विद्यमान वित्तीय, मानविय र भौतिक श्रोतको विवरण | |

## ३. समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परविार संख्या

| | |
|---|---|
| आवेदकले भोगेका वा अनभूत गरेका व्यवसायगत समस्या | |
| व्यवसाय योजना किन र केका लागि पेश गरिएको हो | |
| प्रस्तावित कार्यक्रमको उद्देश्य | |
| लाभान्वित घर परविार संख्या | |



सचिव

| | |
|---|---|
| (प्रत्यक्षर अप्रत्यक्ष) | |

४. कार्यक्रम संचालन प्रकृया

| | |
|---|---|
| प्रस्तावित कार्यक्रम कसरी संचालन गरिने हो | |

५. अनुदानबाट हासिल हुने उपलब्धिहरु

| | |
|---|---|
| कार्यक्षेत्र बिस्तार | |
| उत्पादन बृद्धि (दैनिक/मासिक/बार्षिक परिमाण (मे.ट.) | |
| जिविकोपार्जन तथा जिवन स्तरमा सुधार | |
| रोजगारी तथा आर्थिक अवस्थामा सुधार | |

सचिव

*अनुसूची-४*

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको सिफारिस पत्र

श्री ...................

...............

बिषयः सिफारिस गरिएको बारे ।

उपरोक्त सम्बन्धमा प्रदेश सरकार ............................ मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र ............... को मिति ........................ मा प्रकाशित सूचना मुताविक ........................ महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ...........नं. वडा ................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री ......................................... ले लागत साझेदारीमा ................................................ कार्यक्रम संचालनका लागि सिफारिस पाउँ भनि यस कार्यालयमा निवेदन दिएकोमा संलग्न कागजातहरुको अध्ययन तथा आवस्यक जाँचबुझ गर्दा निजले पेश गरेका विवरणहरु सही रहेकोले प्रस्ताव छनौट प्रकृयामा संलग्न गरिदिनु हुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

सिफारिस गर्नेको

दस्तखतः

नामः

मितिः

अनुसूची–५

## हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रमका सहभागीको प्रारम्भिक सर्वेक्षण फारम

| सि.नं. | कृषकको नाम थर | ठेगाना | भैंसी संख्या | | | गाई संख्या | | | यस बर्ष थप हुने भए | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थानिय | उन्नत | जम्मा भैंसी संख्या | स्थानिय | उन्नत | जम्मा गाई संख्या | गाई संख्य | भैंसी संख्या | ल्याउने श्रोत | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

सहकारी/सस्थाको तर्फ वाट सहि गर्नेको

नामः

पदः

दस्तखतः

संस्थाको छापः

मितिः

सचिव

## अनुसूची–६

## हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रमका सहभागी छनौट गर्दा अपनाईने मूल्यांकनका आधारहरु

| क.सं | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | कार्य योजना(२५) | व्यवसायीको सम्भाव्यता/उपयुक्तता (२५) | अनुभव तालिम (१०) | व्यवस्थापन गरीरहेको उन्नत पशु संख्या (२०) | दु.उ.स.स. गठन भएको वा हुने आधार (२०) | कुल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

छनौट समिति पदाधिकारीहरुको नाम :

| सि.नं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



सचिव

अनुसूची–७

## गुणस्तरिय दूधको संगठित बजारिकरणमा संलग्न हुन चाहने संस्थाको प्रारम्भिक सर्वेक्षण फारम

| सि. नं. | दुध तथा दुग्धजन्य पदार्थ | इकाई | माग | हालका आपूर्ति | आपूर्तिको श्रोत | प्रस्तावक संस्थाले थप गर्ने | |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण (दैनिक औसतमा) | परिमाण (दैनिक औसतमा) | | परिमाण (दैनिक औसतमा) | प्राप्त गर्ने श्रोत |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

उद्योग/फर्म/कम्पनी/सहकारीसंस्थाको तर्फ वाट सहि गर्नेको

नामः संस्थाको छापः

पदः

दस्तखतः मितिः

प्रदेश नं.-१ विराटनगर, नेपाल

सचिव

अनुसूची–८

## गुणस्तरिय दूधको संगठित बजारिकरणमा संलग्न हुने संस्था छनौटको मूल्यांकनका आधारहरु

| क्र. सं. | द. नं. | आवेदक संस्थाको नाम | ठेगाना | कार्य योजना (२५) | व्यवसायको सम्भाव्यता/ उपयुक्तता (२५) | अनुभव तालिम १० | हाल दुध तथा दुग्धजन्य पदार्थको व्यवसाय गरिरहेको परिमाण(१५) | गुणस्तरीय दुधको थप कारोबार गर्नसक्ने परिमाण र आधार (२५) | कुल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

छनौट समिति पदाधिकारीहरुको नाम :

| सि.नं. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



सचिव

अनुसुची-९

# हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन प्रवर्द्धन कार्यक्रम संचालनको सम्झौता पत्र

देश सरकार, ................ मान्त्रालय/ निर्देशनालय/ विज्ञकेन्द्र ......... को आ.व..................को स्वीकृत बार्षिक कार्यक्रम अनुसार हुलाकी लक्षित दुग्ध उत्पादन प्रबर्द्धन कार्यक्रम संचालन गर्नका लागि मिति ................ गते ................ पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस मान्त्रालय/ निर्देशनालय/ विज्ञ केन्द्रको मिति ...................... को..........स्तरिय निर्णयबाट श्री ...............................को प्रस्ताव छनौट भएको हुँदा ...................................*(यस पछि प्रथम पक्ष भनिने)* र श्री ............................*(यस पछि दोश्रो पक्ष भनिने)* का बीच तपसिल बमोजिमका शर्तहरु पालना गरीकार्यक्रम सन्चालन गर्न मन्जुरभै यो द्विपक्षियसम्झौता गरिदियौं/लियौं । इति सम्बत ........ साल ........ महिना ....... गते ....... रोज शुभम् ।

<u>तपसिल</u>

१. दोश्रो पक्षले निरन्तर रुपमा कम्तीमा २०० देखि ५०० गोटा उन्नत माउ गाई वा माउ भैंसी पालन गरि कम्तिमा २५०० लिटर प्रतिदिन थप दुध संगठित बजारमा बिक्री यस आ.ब.को अन्तसम्म गरेको हुनु पर्नेछ ।

२. सबै सदस्यहरुको पशुहरु बीमा गरेको हुनु पर्नेछ ।

३. दोश्रो पक्षले हरेक वर्ष आफ्नो पकेट क्षेत्रहरु रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र पशुपन्छी मत्स्य विकास निर्देशनालमा प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

४. दोश्रो पक्षले अनुदान रकम सफा दुध उत्पादनका लागी आबश्यक भौतिक पूर्वाधार निर्माण एवं खर्च भएर नजाने टिकाउ हुने माल सामाग्रीहरुको लागि र आबश्यक उन्नत पशु खरिद तथा ढुवानीमा मात्र खर्च गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले स्वीकृत बार्षिक कार्ययोजना अनुरुप कार्यान्वयनको लागि मात्र खर्च गर्नु पर्ने छ र सो को अद्यावधिक प्रगति तयार गरी हरेक महिना प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६. दोश्रो पक्षले पशु पालन व्यवस्थापनको लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण अनुसूचि–१२ (क) देखि अनुसूचि–१२ (घ) सम्म राखी अद्यावधिक गरिरहनु पर्ने छ ।

७. पहिलो पक्षले संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

८. पहिलो पक्षको कार्यक्रम अवधि समाप्त भए पछि पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुपर्ने छ ।

९. दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानून बमोजिम कार्यवाहीको भागेदारी हुनु पर्ने छ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| कार्यालयको तर्फबाट सहिगर्नेको | संस्थाको अध्यक्षको |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | कार्यालयको छाप |

*द्रष्टव्य : आवश्यकता अनुसार सम्झौतामा उल्लेखित शर्तहरु परिमार्जन गर्न सकिने छ ।*

सचिव

अनुसुची-१०

## गुणस्तरिय दूधको संगठित बजारिकरण प्रवर्द्धन कार्यक्रम सञ्चालनको सम्झौता पत्र

देश सरकार, ............... मान्त्रालय/ निर्देशनालय/ विज्ञकेन्द्र ........ को आ.व.................को स्वीकृत बार्षिक कार्यक्रम अनुसार गुणस्तरिय दूधको संगठित बजारिकरण कार्यक्रम संचालन गर्नका लागि मिति ................ गते ................ पत्रिकामा प्रथम पटक प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस मान्त्रालय/ निर्देशनालय/ विज्ञ केन्द्रको मिति ...................... को..........स्तरिय निर्णयबाट श्री ...............................को प्रस्ताव छनौट भएको हुँदा ...................................*(यस पछि प्रथम पक्ष भनिने)* र श्री ............................*(यस पछि दोश्रो पक्ष भनिने)* का बीच तपसिल बमोजिमका शर्तहरु पालना गरीकार्यक्रम सन्चालन गर्न मन्जुरभै यो द्विपक्षिय सम्झौता गरिदियौं/लियौं । इति सम्बत ........ साल ........ महिना ....... गते ....... रोज शुभम् ।

तपसिल :

१. डेरीपकेट क्षेत्रमा आवद्ध समुहका कृषक सदस्यहरुले उत्पादन गरेको दुध अनिबार्य रुपमा संकलन, प्रशोधन र बजारीकरण गर्नुपर्ने छ ।

२. दोश्रो पक्षले निरन्तर रुपमा कम्तीमा २०००/३००० लि. दुधको दैनिक कारोबार गर्नु पर्ने छ ।

३. दोश्रो पक्षले हरेक वर्ष आफ्नो संस्थामा रहेका समस्याहरुको पहिचान गरी प्राथमिकताको आधारमा आवश्यक पर्ने कार्यक्रम तथा बजेटहरु तर्जुमा गरी भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालमा प्रस्ताव स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

४. दोश्रो पक्षले अनुदान रकम गुणस्तरीय दुध संकलन, प्रशोधन ,बजारीकरण र बिबिधकिरणका लागी भौतिक पूर्वाधार निर्माण एवं खर्च भएर नजाने टिकाउ हुने माल सामाग्रीहरुको लागि मात्र खर्च गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले स्वीकृत बार्षिक कार्ययोजना अनुरुप कार्यान्वयनको लागि मात्र खर्च गर्नु पर्ने छ र सो को अद्यावधिक प्रगति तयार गरी हरेक महिना प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६. दोश्रो पक्षले दुग्ध व्यवस्थापनको लागि गरिने सम्पुर्ण कार्यहरुको अभिलेख विवरण राखी अद्यावधिक गरिरहनु पर्ने छ ।

७. पहिलो पक्षले संचालित कार्यक्रमको प्रगति सन्तोषजनक नपाएमा तोकिएको अवधिसम्म कार्यक्रमलाई निरन्तरता दिन बाध्य हुने छैन ।

८. पहिलो पक्षको कार्यक्रम अवधि समाप्त भए पछि पनि दोस्रो पक्षले कार्यक्रमलाई निरन्तरता दिनुपर्ने छ ।

९. दोश्रो पक्षले यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाइएमा विद्यमान कानुन बमोजिम कार्यवाहीको भागेदारी हुनु पर्ने छ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
|---|---|
| कार्यालयकको तर्फबाट सहिगर्नेको | संस्थाको अध्यक्षको |
| नामः | नामः |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छाप |

*द्रष्टव्य : आवश्यकता अनुसार सम्झौतामा उल्लेखित शर्तहरु परिमार्जन गर्न सकिने छ ।*

सचिव

## अनुसूची-११

### हुलाकी मार्ग लक्षति दुग्ध उत्पादन तथा प्रबर्द्धन कार्यक्रमको प्रगति विवरण

..................महिना/चौमासिक/अष्ठमासिकको लक्ष्य र प्रगति

संस्थाको नामः टेलिफोन सम्पर्क नम्वरः ठेगानाः जिल्ला गाउपालिका/नगरपालिका

वडा नं. गाउं/टोल

आ.व. महिना प्रगति प्रतिवेदन अवधिः मासिक/अर्धवार्षिक/वार्षिक

| क्र. सं. | कार्यक्रम विवरण | इकाई | बार्षिक लक्ष्य | बार्षिक बजेट | चौमासिक लक्ष्य | चौमासिक बजेट | यस महिनाको प्रगति | यस महिनाको खर्च | चौमासिक प्रगति | चौमासिक खर्च | हालसम्मको प्रगति | हालसम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

सचिव

## अनुसुची-१२ (क)

## पशु प्रजनन रेकर्ड

प्रदेश नं.-१
विराटनगर, नेपाल

| क्र.सं. | गाइ भैसी को ट्याग नं | गाइ भैसी को जात | गाइ भैसी को उमेर | गाइ भैसी को बाबु को जात | बेत संख्या | कृ.ग./प्रा.ग. गरेको मिति | | | | | | गर्भ परिक्षण मिति | गर्भ रहेको भए व्याउने मिति | ब्याएको मिति | जन्मेको बाच्छाबाच्छी/पाडा पाडी | दुध उत्पादन प्रति दिन कि.ग्रा. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिलो पटक | साँढे/राँगो को जात | उल्टिएर दोश्रो पटक | साँढे/राँगो को जात | उल्टिएर तेश्रो पटक | साँढे/राँगो को जात | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

सचिव

## अनुसुची–१२ (ख)

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.–१
विराटनगर, नेपाल

पशु उपचार रेकर्डको नमूना (प्रत्येक गाई/भैसीको लागि)

| मिति | पशुको ट्याग नं. | उमेर | पशुको ट्याग नं. | उमेर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आईपरेका बाधा अड्चनहरु:

१.
२.
३.
४.

सामधानका सुझावहरु :

१.
२.
३.
४.

सचिव

अनुसूची–१२ (ग)

## गाई/भैसीहरुको मासिक हर्डबुक

| महिनाको नाम | गाई/भैसीको संख्या विवरण | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | यस महिनाको शुरुको पशु संख्या | | | | | | यस महिनामा जन्मेको संख्या | | यस महिनामा मरेको संख्या | | | | | | यस महिनामा बिक्रि संख्या | | | | | | महिनाको अन्तमा बाँकि संख्या | | | | | |
| | ठुला | | मझौलो | | साना | | भाले | पोथी | ठुला | | मझौलो | | साना | | ठुला | | मझौलो | | साना | | ठुला | | मझौलो | | साना | |
| | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | | | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी | भाले | पोथी |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

प्रगति तयार गर्नेको नामः –
हस्ताक्षरः
पदः
मितिः

प्रमुखको नामः
हस्ताक्षरः
पदः
मितिः

सचिव

अनुसूची–१२ (घ)

हर्ड बुक नमूना (प्रत्येक गाई/भैसीको लागि अलग अलग रेकर्ड राख्ने)

हुलाकी मार्ग लक्षित दूध उत्पादन प्रवर्द्धन कार्यक्रम

संस्थाको नाम: ठेगाना:

पशुको नाम वा संकेत: जात: ट्याग नम्बर:

जन्म मिति

माऊको संकेत र चारित्रिक विवरण:

बाउको संकेत र चारित्रिक विवरण:

| मिति उमेर (दिन) | तौल (के.जी) | परजिबी नियन्त्रण विवरण | भ्याक्सिनेसन विवरण | स्वास्थ्य समस्या र उपचार |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सचिव